थकाली महिला समाज (थ.म.स.)

**भूमिका :**

थकाली जाति नेपाल सरकारद्धारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरु मध्ये एक प्रमुख आदिवासी जनजति हो र यसलाई उन्नत वर्गमा सूचिकृत छ । धौलागिरी अञ्चलमा अवस्थीत उत्तरी मुस्ताङ जिल्लाको थाङसाङ (थाकखोला)लाई थकालीहरुको परम्परागत वस्ती मानिन्दै आएको छ । नेपालको केन्द्रिय तथ्याङ्क विभागको तथ्यांक (२०५८) अनुसार थकालीहरुको जनसंख्या जम्मा १२,९७३ (तीन गाँउले थकाली सहित) रहेको छ । जसमा महिलाहरुको संख्या ३,९३६ र पुरुषहरुको संख्या ७,८२२ रहेको छ ।

थकाली महिला समाज (थ.म.स.), थकाली महिलाहरुको सामाजिक, सँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई संवर्न्द्धन र प्रर्वधन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैर राजनितिक संस्था हो । यो संस्था २०५६ सालमा स्थापना भई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषदमा पनि आवद्ध भई सकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २२ वटा आदिवासी जनजाति महिलाहरुको छाता संगठनको पनि एक सदस्यको रुपमा रहेको छ ।

थकाली महिला समाज (थ.म.स.)को  को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३ /३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट १३ सदस्यि केन्द्रिय कार्यकारिणी समितीको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गानिर्देशन अनुसार संस्थाको कार्यकमहरुको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

**संगठनिक ढाँचा**




**दिर्घकालिन सोच :**

थकाली महिलाहरुलाई राष्ट्र विकाश प्रकृयामा समाहित गराउँदै जातिय, भाषिक, धार्मिक र लैंगिक  आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

**ध्येय :**

समाजमा रहेका थकाली महिलाहरुलाई ग्रामिण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अर्न्तराष्टिय् स्तर सम्म ल्याउन सशक्तिकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातिय विवेदहरुलाई हटाउन योगदान पुऱ्याउनु ।

**उद्देश्यहरु :**

१. थकाली महिलाहरुलाईमा सामाजिक, साँस्कृतिक, आर्थिक, भाषिक र थकाली पहिचान बारे सचेतना जगाउने ।

२. थकालीमहिलाहरुलाई तालिम, कार्यशाला गोष्ठी, अर्न्तकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरुद्धारा सशक्तिकरण गराउने ।
३. थकालीमहिलाहरुलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।
४. आदिवासी जनजाति तथा महिलाहरुको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।
५. थकालीसमुदाय माझ लैगिक सचेतना सम्बन्धी कार्यक्रमहरु गर्ने ।
६. थकाली महिलाहरुको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र  सीपको विकासका गरि आर्थिकरुपमा सक्षम पार्ने ।

**कार्यक्रम/कृयाकलाप :**
थ.म.सले स्थापना काल देखि निम्न कार्यक्रम/कृयाकलापहरु सम्पादन गर्दै आएको छ :
१. थकाली महिलाहरु लाई सशक्तिकरण गर्ने कार्यक्रमहरु

- आदिवासी जनजाति महिला अधिकारबारे तालिम
- संस्थागत विकास तालिम
- संविधानसभा बारे चेतनामूलक तालिम

२. थकाली परम्परा र सांस्कृति सम्बन्धी चेतना जागरण गर्ने खालको कार्यक्रम

३. महिला कानूनि अधिकारको महत्व, विभेदपूर्ण कानुन, राजनिती सशक्तिकरण र नेतृत्व विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु

४. प्रकाशन :

- थकालीमहिलाहरुको सामाजिक, साँस्कृतिक, भाषिक र राजनितीक पक्षमाथि प्रकाश पार्दै विभिन्न पत्रपत्रिका र पुस्तकहरुमा प्रकाशन तथा गोष्ठीहरुमा कार्यपत्र प्रश्तुत

५. हाल सम्म ३ जिल्लाहरुमा थ.म.स. जिल्ला समिती गठन
६. थ.म.स संग साझा मुद्धाहरु भएका अन्य संघ संस्थाहरुसंग सम्बन्ध विस्तार

**कार्यक्रमको मुख्य उपलब्धिहरु :**

१. थकाली महिलाहरु आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण भएका हुनेछन् ।

२.थकाली महिला समाजको विभिन्न जिल्ला, गाँउ, र इकाई समितिहरुमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३.थकाली महिलाहरुले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४.थकाली महिलाहरुको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।

५.थकाली महिलाहरुको हक रअधिकार स्थापित भएको हुनेछ ।

६. थकाली महिलाहरुको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ  ।

**ठेगाना :**
थकाली महिला समाज (थ.म.स.)
केन्द्रिय समिती
लालुपातेमार्ग, न्यूप्लाजा
पोष्ट बक्स नं. ३१८२, काठमाडौं, नेपाल
फोन नं. ४४३१६६६, फ्याक्स ४४१७९१७
**Email** : bsherchaniaewp@hotmail.com